NEPALI WOMEN'S WELFARE ORGANIZATION
NEW YORK, USA
191 ELTON ST BROOKLYN 11208
PH: 1-646-552-2672

मिति २०६५ मार्ग २२

यू.एस्. नेपाल मेडिया सेन्टरले प्रथम शरद पार गरेकोमा
फैलियोस यसको ब्यापकता पल पलमा छ शुभकामना

प्रिय प्रदीप थापा मगरजी
प्रकाशक तथा सम्पादक
यू.एस्. नेपाल मेडिया सेन्टर, न्यूयोर्क, अमेरिका

सर्वप्रथम यू.एस्. नेपाल मेडिया सेन्टरले नेपाल र संयुक्त राज्य अमेरिका लगायत बाहिरी विश्वमा रहेका नेपालीहरुका माझ सीमित साधन र श्रोतका बावजुद पनि खबरहरुलाई यथासम्भव सचित्र रुपमा विद्युतीय जालोका माध्यमद्वारा पुऱ्याउँदै सफलता पूर्वक प्रथम शरद पार गरेको उपलक्ष्यमा म रेनू शर्मा सापकोटा नेपाली नारी कल्याणकारी संस्था र स्वयंको तर्फबाट शुभकामना व्यक्त गर्न पाउँदा ज्यादै हर्षविभोर भएकी छु ।

यू.एस्. नेपाल मेडिया सेन्टरले आफ्नो स्थापनाकौ छोटो यात्रामै ब्यवाहारिक जीवनका धेरै भन्दा धेरै पाटाहरु पहिल्याएर समाचारहरुमा समेटी आम पाठकहरु समक्ष पस्किन सकेकोमा खुशी ब्यक्त गर्दै यस प्रकाशनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । नेपाली जनजीवनका हरेक पहलुहरु जस्तै विभिन्न रीतिरिवाज, चाडपर्व, शैक्षिक उपलब्धि, नेपालीहरुका पहिचान, मनोरञ्जनात्मक लोकगीत–सङ्गीत, नृत्यहरु, सामाजिक सफलता–विफलताका साथै नेपाल लगायत संयुक्त राज्य अमेरिका र वाहिरी बिश्वका समसामयिक राजनीतिक गतिविधि र परिघटनाहरुलाई सचित्र हेर्ने, सुन्ने र पढ्ने मौका जुटाइदिएकोमा पुन एक पटक बधाइ दिंदै आगामी दिनमा यू.एस्. नेपाल मेडिया सेन्टरले अमेरिका आउने र अमेरिकामा रहेका आम नेपालीका चासोका विषयहरु जस्तै शैक्षिक प्रक्रिया, रोजगारीका अबसर र पूर्व होसियारी अपनाउनुपर्ने जस्ता चेतनामूलक लेख–रचनालाई अझ बढी थप्तै जानेछ भन्ने विश्वास लिंदै पुन सफलताको कामना व्यक्त गर्दछु ।

-------------
श्रीमती रेनू शर्मा सापकोटा
अध्यक्ष
नेपाली नारी कल्याणकारी संस्था,
न्यूयोर्क, संयुक्त राज्य अमेरिका